**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री दीपक कुमार कार्की**

**माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल**

**आदेश**

०७६-WO-०९४८

**विषयः उत्प्रेषण समेत।**

अधिवक्ता शैलेन्द्रप्रसाद हरिजन समेत------------------------------------------------ निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत---------------------------------- विपक्षी

अन्तरिम आदेश छलफलका लागि पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरियो । रिट निवेदकहरुको तर्फबाट उपस्थित हुनु भएका विद्वान बरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी, विद्वान अधिवक्ताहरु श्री मिरा ढुँगाना, श्री अजयशंकर झा, श्री विकास भट्टराई, श्री सन्तोष भण्डारी, श्री लक्ष्मी नानी थापा, श्री कमल कोइराला, श्री केशरमणी अर्याल र श्री कीर्तिनाथ शर्माले बहस प्रस्तुत गर्नु भयो। त्यस्तै विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतको तर्फबाट उपस्थित हुनु भएका सह न्यायाधिवक्ता श्री संजीवराज रेग्मीले गर्नु भएको वहस समेत सुनियो।

अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा मिति २०७६ चैत्र १९ गतेबाट लागु हुने गरी नेपाल सरकारले असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ जारी गरी उक्त मापदण्ड लकडाउन घोषणा गरेको अवधीसम्म मात्र लागु हुने भन्ने व्यवस्था गरेको पाइन्छ । सोही मापदण्डको दफा ३ संग सम्बन्धीत अनुसुची १ को बुँदा नं ८ मा राहत पाउने व्यक्तिसंग नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा गरिब घरपरिवार परिचयपत्रको प्रतिलिपि वा सवारी

चालक अनुमतिपत्रको प्रतिलिपि वा अन्य भन्ने उल्लेख भएको पाईन्छ । महामारी परेको अवस्थामा पनि राज्यले प्रत्येक व्यक्तिको सम्मान पुर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्नुपर्ने र यस्तो अवस्थामा दिने कुनै राहत बिना भेदभाव दिनु पर्ने भन्ने सम्बन्धमा कुनै विवाद रहेको देखिदैन । यस परिप्रेक्ष्यमा उक्त मापदण्डको बुँदा नं २ को परिभाषा खण्डको (क) र (ख) मा उल्लेख भएका असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायको परिभाषा भित्र परेका व्यक्तिहरुलाई नेपालको संविधानको धारा १६(१) तथा १८ (२) को 'आर्थिक अवस्था' को आधारमा समेत भेदभाव गरिने छैन भन्ने प्रावधान तथा धारा ३६ को खाद्य सम्धन्धी हक तथा सम्बन्धित व्यक्तिमा अन्तरनिहीत मानवियता, निजको आवश्यक्ता र परिस्थिती समेतलाई मध्यनजर गरी अनुसुची १ को बुँदा नं ८ को (क), (ख) र (ग) मा उल्लेख गरेको कागजात नभएता पनि तत्काल राहत उपलब्ध गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरि दिएको छ। यो आदेशको जानकारी विपक्षीहरुलाई दिइ नियमानुसार गर्नु।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७७जेष्ठ ४ गते रोज १ शुभम्------------------।